# १ सबै आशिषहरुको प्रवाह गर्ने परमेश्वरको स्तुति र प्रशंसा होस्

**यस अध्यायको निम्ति पढ्नुहोस्ः** मत्ती २२ः३७, रोमी १२ः१, एफिसी २ः८,९, एफिसी ५ः२, कलस्सी ३ः१३, २ तिमोथी १ः९, १ युहन्ना ४ः१०।

कण्ठ गर्नुपर्ने पदः "हे मेरो प्राण, परमेश्वरको प्रशंसा गर। ए मभित्र रहेको सारा थोक वा अन्तस्करणले परमेश्वरको पवित्र नाउँको स्तुति गर।" (भजन १०३ः१)।

धेरै वर्ष अघि एक शक्तिशाली दुरविनले सज्जिएको रकेट आकाशको नक्षत्रहरूको खोजनिति गर्न प्रक्षेप्रण गरिएको थियो। यो दुरवीनलाई हबल नाउँ गरेको प्रख्यात खगोलशास्त्री (ताराहरूको अध्ययन गर्ने वैज्ञानिक)को नामाङ्करण गरिएको थियो। जब माथि नक्षत्रमा यस दुरविन घुम्न थाल्यो र यसले तारा मण्डलका अनेकौं चित्रहरू यस धर्तीमा पठायो, तबदेखि सृष्टिका रहस्यहरू अचम्म रूपमा खुलासा गरियो। यदि हाम्रो सिमित बौद्धिक ज्ञानले जगतका महानतालाई बुझ्न सक्दैनौं भने यसका रचयिता परमेश्वर अत्यन्त प्रगतिशील हुनुहुन्छ भनेर मान्नुपर्दछ। यदि खरौबौं डलर खर्च गरेर नक्षत्रका अनगिन्तियौं तारा तथा ग्रहहरूको बारेमा बुझ्न कठिन भइरहेको छ भने यसका सृष्टिकर्ता परमेश्वरको बारेमा हामीले पूर्णरूपमा कसरी बुझ्न सक्छौं र?

अयूबका मित्र थोपरले पिडामा परेको अयूबलाई सोधेको थियो, "परमेश्वरका रहस्यहरू कत्ति गहिरा छन्, के तपाईंलाई थाहा छ? के शक्तिशाली परमेश्वरको ज्ञानको सिमानाहरू तपाईंले भेट्टाउन सक्नुहुन्छ?" (अयुब ११ः७)।

आजको वैज्ञानिक युगमा पनि त्यसको जवाफचाहिँ त, "अहँ" हो।

त्यहि परमेश्वर जसले सारा जगतलाई सृष्टि गर्नुभयो त्यहि परमेश्वर (येशू) मानव चोला लिएर आउनुभयो र हाम्रा पापहरूलाई उहाँले क्रुसमा बोक्नुभयो। पापले गर्दा हामीले पाउनु पर्ने सजायँ त्यहि जगतका सृष्टिकर्ता परमेश्वरले भोग्नुभयो किनकि उहाँ चाहनुहुन्छ कहिलै पनि नमर्ने अनन्त जीवन हामीले पाउन्।

अब हामीसँग यो तथ्य सत्य छ। कसरी त्यस प्रेमिलो परमेश्वरलाई माया गर्न हामी बिफल हुने? कसरी हामीले हाम्रो उच्च प्रशंसा र आराधना उहाँलाई नचढाइ बस्ने?

यस अध्यायलाई नजिकमा हेर्दा: यस अध्यायले परमेश्वरको महानता, प्रेम र शक्तिको बारेमा बुझाउन कोशिष गर्नेछ। यसले गर्दा अत्यन्त प्रतिकूल परिस्थितिहरूमा पनि परमेश्वरको प्रशंसा र स्तुति गर्ने चाहनाबाट हामीलाई पछि हटाउँदैन।

## १ हाम्रो प्रेमको परमेश्वर (२ तिमोथी १:१९)

परमेश्वरले मानव जातिलाई आत्मनिर्णयको अधिकार दिनुभएको छ। उसले के चाहन्छ त्यो छान्न उसलाई स्वतन्त्रता दिएको छ। यसको अर्थ, प्रत्येक मानिसलाई परमेश्वरको आज्ञालाई मान्ने वा नमान्ने अधिकार दिएकोछ। जब परमेश्वरले हामीलाई रोज्न अधिकार दिनुहुन्छ त हामीले गलत निर्णय नगरू भनि उहाँ चाहनुहुन्छ। के उचित के अनुचित छ भन्ने कुरालाई हामीले देखुन् भनेर उहाँले हाम्रो लागि निर्णायक बाटो पनि खोल्नुभएको छ। यदि कथनकदाचित हामी गलत बाटोमा लाग्यौं भने त्यसबाट हामीले राहत पाउन् भनेर परमेश्वरले निश्चय गर्नुभएको छ। परमेश्वरले दिनुभएको निकासालाई सुसमाचार भनिन्छ। सुसमाचार त्यस शुभ सन्देश हो जसले हाम्रो निम्ति येशूले गर्नुभएको कामलाई देखाउँदछ। जसरी सुरुमा परमेश्वरले हामीलाई अजम्मरी जीवन दिन सृष्टि गर्नुभयो, त्यहि जीवनले फेरि निरन्तरता पाउन् भनेर येशूले हामीलाई शुभअवसर दिनुभएको छ।

१ तिमोथी १:९, १०मा भनिएको छः “उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो। हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो, जुन अनुग्रह अब हाम्रा मुक्तिदाता ख्रीष्ट येशूको आगमनद्वारा प्रकट गर्नुभएको छ। उहाँले मृत्युलाई नाश गरेर जीवन र अविनाशलाई सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो।" उपर्युक्त पदमा संसारको सृष्टि अर्थात् यस संसारमा युगको प्रारम्भ अघिदेखि नै मुक्तिको योजना तर्जुमा गर्नुभएको थियो भनेर खुलासा गरिएको छ। हाम्रो सृष्टि हुनुभन्दा अघि परमेश्वरले के गर्नुहुनेछ भनेर उल्लेख गरिएकोले उहाँको प्रेमको बारेमा

माथिका पदले के भन्दछन्? यस पदले अनुग्रहको बारेमा हामीलाई के सिकाउँदछ?

हामी यस संसारमा जन्मिनु भन्दा पहिलेमात्र होइन, यस संसारको सृष्टि हुनुभन्दा पहिले नै परमेश्वरको प्रेम र अनुग्रहले हामीमा काम गरिरहेका थियो। समग्ररूपमा भन्नुपर्दा सुसमाचार हाम्रो अनन्त जीवनको निम्ति जमानत वा ग्यारेन्टी हो। परमेश्वरलाई थाहा थियो जब उहाँले संसार सृष्टि गर्नुहुनेछ तब के हुनेछ। तर जब पापको समस्या वा द्वन्द आउँछ त्यसलाई कसरी सामना गर्ने भनेर परमेश्वरले मुक्तिको योजना तर्जुमा गर्नुभएको थियो। यो उहाँको बौद्धिक क्षमता र प्रेमको उपज थियो। त्यस योजनाको केन्द्रविन्दु हाम्रो सट्टामा येशूले खेप्नु हुने मृत्यु थियो। हाम्रो पापबाट हामी मोक्ष पाउने एउटैमात्र आधार शर्त भनेकै क्रुस हुनगएको छ। परमेश्वर आफै नै येशूको रूप धारण गरेर हाम्रो पापको सजायँ क्रुसमा भोग्नु भएको थियो। यस संसार र जगतको कुनैपनि थोकले हाम्रो पापको मोल तिर्न सकिन्नथ्यो। आफ्नो जीवनलाई नै जोखिममा पारेर उहाँले हाम्रो मुक्तिको मोल तिर्नुभएको थियो। प्रेमले नै अभिप्रेरित भएर हाम्रो निम्ति कुनै पनि महान् मुल्य चुकाउन उहाँ हिचकिचाउनुभएन।

परमेश्वरले हामीलाई प्रदर्शन गर्नुभएको यस अमूल्य प्रेमलाई हामीले कुन काममार्फत देखाउने? हेर्नुहोस्ः एफिसी ४:३२, एफिसी ५:२, फिलिप्पी २:५-८, र कलस्सी ३:१३। ती पदहरूमा भएका आधारभूत सन्देश के हुन् त?

निश्वार्थी भावनाले कसैलाई मायाप्रेम गर्नु मानवस्वभाको निम्ति अनौठो कुरा हो। जब कुनै पनि मानिसले कसैलाई माया गर्छ भने कुनै न कुनै स्वार्थपना त्यसभित्र लुकेको हुन्छ। तर फेरि त्यसैबखत यदि हामी कसैलाई माया वा प्रेम गर्न सिद्ध मन हुनुपर्छ भनेर पर्खेर बस्ने हो भने यस संसारमा केहि पनि काम नहुन सक्छ। येशूको चरित्र विज्ञानको बारेमा धेरै ध्यान दिनु जरुरी छ भनेर के तपाईंले कहिलै सोच्नु भएको छ? यसको निम्ति कति समय दिने आवश्यकता तपाईंले ठान्नुभएको छ? येशूको चरित्रलाई ध्यान दिंदा उहाँले देखाउनुभएको निश्वार्थी प्रेमले हामी पनि अभिप्रेरित हुन्छौं। तर जबसम्म हामी उहाँको चरित्रमा साधना वा ध्यान दिनसक्दैनौं तवसम्म उहाँको स्वभावलाई हाम्रो जीवनमा समावेश गर्न सक्दैनौं। उहाँमा जति भिज्छौं त्यत्ति हामी पनि निश्वार्थी मायाको पोको हुने सक्षमता हासिल गर्दै जानेछौं।

## २. अनुग्रहको परमेश्वर (एफिसी २:८,९)

एफिसी २:८,९का पदहरूलाई आफ्नै शव्दहरूमा वाख्या गर्नुहोस् र लेख्नुहोस्। अनि आफैलाई प्रश्न गर्नुहोस्: मुक्ति भनेको किन विश्वास वा परमप्रभु परमेश्वरमाथिको आस्थाबाट पाउने बरदान हुनु आवश्यक छ तर हाम्रो काम, त्याग वा तपस्याबाट आर्जन गर्ने होइन? हामीले आफ्नो अथक प्रयासबाट किन मुक्ति पाउँदैनौं? हेर्नुहोस्: गलाती ३:२१-२९ (विशेष गरि पद २१)।

अमेरिकाको न्युयोर्क शहरको रेलवे स्टेशनमा जब एउटा रेल आउँदै गरेको थियो, एक जना छाडे रोग भएको युबक रेल मार्गमा ढल्यो। कुनै समय बरबाद नगरि एक अपरिचित व्यक्ति त्यस कामीरहेको युवकलाई बचाउन तम्सिए । त्यस युवकलाई लम्पछार पारेर त्यस मानिसले आफ्नो जीउले दवाई राखे। अनि त्यो हुत्तिएर आएको रेल अचानक ती अपरिचित र छारे रोगलागेको युवा अगाडि रोकियो। अनि रेलबाट मानिस निस्केर उनीहरूलाई ताने र सोधे, “तिमीहरूलाई ठिक छ?" “हामी ठिक्कै छौं।" भनेर त्यस अपरिचित व्यक्तिले जवाफ दिए। यस निडर मानिसको साहशिलो कार्यले मात्र त्यस युवाको मृत्युलाई मृत्युको पासोबाट उम्काइएको थियो। येशूको अनुग्रहले हामीलाई के गरे भनेर यस प्रभावशाली उदाहरणले देखाउँछ। त्यस अपरिचित मानिसप्रति त्यो युवक कस्तो कृतज्ञ भयो होला, त्यसलाई शव्दहरूमा उतार्न उस्ले कदापी सकिन्दैन। प्रभु येशूले हाम्रो निम्ति सम्पन्न गर्नुभएको कामले गर्दा हामी उहाँप्रति कत्तिको कृतज्ञ हुनुपर्दछ भनेर युवकप्रति देखाएको त्यस अपरिचित मानिसको करुणापय कामबाट के केहि हदसम्म बुझाउँदैन र?

हामी सबैले सोध्नु पर्ने वा सोच्नुपर्ने अत्यन्त महत्वपूर्ण प्रश्न त यो छ: येशूले हाम्रो निम्ति गर्नुभएको कामले गर्दा उहाँप्रति हाम्रो जीवनबाट कसरी कृतज्ञता देखाउने? येशूको कार्यलाई सराहना गर्ने, उहाँप्रति धन्यबादी हुने र येशूद्वारा हामीलाई देखाइएको परमेश्वरको प्रेमको बखान गर्ने त एक पक्ष छन्दै छ। तर कुरा होइन, उहाँप्रति हाम्रो विश्वास र आस्था छ भनेर हाम्रो दैनिक चरित्र र कामबाट देखाउने अर्को निर्णायक पक्षलाई कहिलै पनि आँखा चिम्लनु हुँदैन। तर याद गर्नुहोस्, हाम्रो धर्मकर्मले हामी मोक्ष पाउँछौं भनेर यहाँ भन्न खोजेको त कदापी पनि होइन, किनभने हाम्रो अथक प्रयासबाट स्वर्गको ढोका हाम्रो निम्ति खोलिन्दैन। बरू, हाम्रो सतचरित्र र असल कार्य

त्यस कृतज्ञले भरिएको हृदयबाट आउँछ जब येशूले गर्नुभएको काम र प्रतिज्ञाहरूको आत्मज्ञानले हामी भावविभोर हुन्छौं, र हाम्रो जीवन पनि उहाँको प्रशंसा गर्न उहाँलाई सुम्पन राजीखुशी हुन्छौं।

हाम्रो अल्पज्ञानले गर्दा हाम्रो निम्ति येशूले गर्नुभएको कामलाई पूर्णरूपमा मूल्याङकन गर्न सजिलो त छैन। मुक्तिको योजनाबारे एउटा युवाहरूको कक्षामा छलफल भइरहेको थियो। एउटा युवकले आफ्नो हात उठाएर भने, "मैले केहि यस्तो काम गरेको छैन जसले म मर्नुपर्छ भनेर देखाउँछ।" तर सत्य त के हो भने हामी सबै मृत्यको निम्ति योग्य छौं। हामीले इमान्दारीपूर्वक आत्मआलोचना गऱ्यौं भने अजम्मरी जीवन पाउन अधिकारै छैन। त्यसकारण यो प्रश्न हामीले आफैलाई सोध्न सक्छौंः हामीमा यस्तो के गुण छ र हामीले परमेश्वरको राज्यको हकदार हुन दावी गर्न सक्छौं? हामीले यस्तो के काम गऱ्यौं र अजम्मरी जीवन पाउन योग्य भएका छौं? यद्यपि, हामीमा के छ र हामीलाई अनन्त जीवनमा उकास्न येशूद्वारा परमेश्वरले महान् जोखिम उठाउनु भयो?

उपर्युक्त जिज्ञासाहरूलाई राम्ररी सोच्नुहोस्। त्यसको जवाफ तपाईंहरूले कसरी दिनुहुन्छ? निचोडमा भन्ने हो भने, हामी कुनैले यस्तो के काम गऱ्यौं र जसले गर्दा अजम्मरी जीवनको लागि दावी गर्न सक्छौं? हामी मध्यमा को यस्ता छौं जसको निम्ति येशू मर्न जरुरी देखिएको थियो? तपाईंले दिनुभएको ती जिज्ञासाका उत्तरहरूले परमेश्वरप्रति कत्तिको कृतघ्न हुनुपर्दछ भनेर तपाईंले महशूस गर्नुभएको छ? अझ, व्यवहारिक ढँगमा भन्ने हो भने, तपाईंको जीवनचर्याले त्यस प्रेमिलो परमेश्वरप्रति धन्यबादी भएको छ भनेर कसरी स्पष्टसँग देखाइरहनु भएको छ?

## ३, प्रेम सम्वन्ध (मत्ती २२:३७, ३८)

एक जना धर्म गुरुले दश आज्ञाहरूको सारको बारेमा जिज्ञासा राख्दै सवभन्दा महत्वपूर्ण आज्ञा के हो भनेर येशूलाई सोधे। उहाँले जवाफ दिनुभयोः "तिम्रो परमेश्वरलाई तिम्रो सारा हृदय र आत्माले प्रेम गर्नु। तिम्रो सारा समझ शक्तिले उहाँलाई प्रेम गर्नु। यो नै प्रथम र अत्यन्त महत्वपूर्ण आज्ञा हो।" (मत्ती २२:३७,३८)। येशूका यी कथनको अर्थ के हो? येशूले दिनुभएको यस निर्देशनलाई हामीले कसरी पालन गर्ने?

येशूले त्यस धर्मका शास्त्रीलाई दिनुभएको अभिव्यक्तिलाई ध्यानपूर्वक सोच्नुहोस्। सब भन्दा महत्वपूर्ण आज्ञा भनेको सब्बतलाई पालन गरेर धार्मिक कर्मकाण्ड पूरा गर्नु भनेर भन्नु भएको छैन। साथै दश आज्ञामा औंल्याएका मानव कर्तव्य जस्तै नमार्नु, नचोर्नु, परस्त्रीगमन नगर्नु, लोभ नगर्नु, आदि पनि होइन। तर सबभन्दा महत्वपूर्ण आज्ञा भनेकै हाम्रो हृदय र आत्मामा कसको सर्वोच्चताले आधिपत्य जनाएको छ त्योसँग हाम्रो सरोकार राख्नु नै हो। हाम्रा बाहिरिय आचरण, बिधिबिधान पालन गरेर धर्मात्माको पगरी ओढेर देखाउने नभएर भित्री हृदयमा के छ त्यसमा येशूले खोतल्नुभएको हामी पाउँछौं।

येशूको निर्देशनलाई बुझ्दा, सबभन्दा महत्वपूर्ण आज्ञा भनेकै परमेश्वरप्रति हाम्रो हृदय र आत्मादेखि कसरी प्रेम र भक्ति जनाएको छ त्यससँग सम्वन्धित छ भनेर देखाएको पाउँछौं। यसको अर्थ सारा आज्ञाहरूको जग नै हाम्रो संम्वन्धसँग गाँसिएको पाउँछौं। सम्वन्ध बिनाको प्रेमको मतलब के छ र? कसैलाई हामीले माया गर्छौं भन्छौं तर त्यससँग हाम्रो कुनै सरोकार छैन भने त्यस माया र स्नेहको अर्थ के छ र? येशूले यसैलाई आत्मिक रूपमा बुझोस् भनेर परमेश्वरप्रति हाम्रो प्रेमले सर्वोच्चता पाउन् भन्ने उहाँको चाहान भएको पाउँछौं। हामीमा भएको सबै थोकमाथि र हाम्रो सबैसँगको सम्वन्धभन्दा उच्च स्थानमा परमेश्वरलाई राखिनुपर्दछ।

हाम्रो आत्मियतामा परमेश्वरप्रतिको प्रेमले प्रमूख स्थान पाउनु नै अरू सबैसँगको सम्वन्धभन्दा महत्वपूर्ण किन छ? हाम्रो जीवनमा यो भन्दा अरू कुनै महत्वपूर्ण चिज वा व्यक्ति छ र? परमेश्वरलाई भन्दा अरूलाई सबभन्दा धेरै प्रेम गर्दा कस्ता कस्ता आत्मिक खतराहरू आइपर्न सक्दछन्?

सुरुदेखि नै मानिसहरूले परमेश्वरसँग विशेष सम्वन्ध राखेर हर्षित होउन् भनेर उहाँ चाहनुभएको थियो। संसारका सारा जीवित जीवात भन्दा मानव जातीले परमेश्वरसँग उच्च तहमा रहेर अध्यात्मिक अनुभवमा तल्लिन होउन् भन्ने उहाँको उद्देष्य थियो। यो सत्यको यथार्तता उत्पत्ति १:२६मा खुलासा गरिएको छ, "अनि परमेश्वरले भन्नुभयो, 'हाम्रै स्वरुपमा मानिसलाई सृष्टि गरौं। सम्पूर्ण पानीका माछाहरू र आकासमा उड्ने चराचुरुङ्गीहरू तथा सारा जन्तु जनावरमाथि आधिपत्य जमाएर संसारको शासक होउन्। जमिनमा घस्रने सबै जीवजन्तुमाथि पनि उनीहरूले आधिपत्य जमाउन्।'" तर मानिस बाहेक

कुनै पनि जन्तु जनावरहरू परमेश्वरको स्वरुपमा सृष्टि भएका थिएनन्। फेरि मानिसलाई जस्तो अभिभारा अरू कुनै जीवित प्राणीहरूलाई सुम्पिएको थिएन। त्यसकारण बिकासबादा सिद्धान्तले अपनाएका मानिस कुनै बाँदरबाट बिकसित भएर मानव जात बने भनेर यस पदले सरासर असहमती जनाएको पाउँछौं। मानव जात र यस संसारका सारा सृष्टि, र परमेश्वर बिच महान अन्तर छ। त्यसैकारण, मानव जातको विशेषता भनेकै परमेश्वरसँग प्रेमसम्बन्ध राख्न सक्नु सक्षमता हो। यो कुनै पनि जन्तु जनावर तथा बिउ बिरुवाले अनुभव नगर्ने तत्व वा गुण हो।

तपाईंको जीवनमा परमेश्वरप्रतिको प्रेमको अनुवभ कस्तो छ? तपाईंले परमेश्वरलाई सारा हृदय (शारीरिक), आत्मा (आत्मिक) र मन (बौद्धिक)ले प्रेम गरिरहनुभएको छ भनेर कसरी थाहा पाउनुभएको छ? यसको अर्थ के हो र प्रेमले तपाईंको जीवनलाई रुपान्तर गर्न सकिन्छ भनेर केही हरफहरू लेख्नुहोस्।

## ४. परमेश्वरको स्तुती र प्रशंसा गर्दै (प्रकाश २१:४)

“परमप्रभुमा आनन्दित होउ। येशू ज्योति हुनुहुन्छ। उहाँमा कुनै पनि अन्धकार छैन। ज्योतितिर दृष्टि लगाउँदै अघि बढ। तपाईंहरूको मुखमा परमेश्वरको प्रशंसाले प्रमुखता पाउन्। अरूलाई खुशी पार्नुहोस्। यो नै तपाईंहरूको प्रथम् कर्तव्य हो। यसो गर्दा तपाईंहरूको चरित्रमा भएको सबभन्दा असल गुणलाई निकाल्दछ। आत्माका झ्यालहरूलाई स्वर्गतिर खोल्नुहोस्, र येशूको धार्मिक सूर्य किरणलाई (उहाँको पवित्र जीवन) तपाईंको जीवनमा आउन दिनुहोस्। स्वर्गको ज्योतिद्वारा छरिएका चहकिला किरणहरू तपाँईहरूका हृदयमा बिहान होस् वा दिउँसो होस् वा रातमा होस् भरियोस्।"-एडभेन्ट रिभ्यु एण्ड सब्बथ हेराल्ड, अप्रिल ७, १९०४बाट रूपान्तरित। एलेन जी ह्वाईटका यी उदगारहरूलाई आत्मसात् गरेर तपाईंको जीवनमा कसरी यथार्थतामा उतार्ने, सोच्नुहोस्?

निसन्देह, हामी येशूका अनुयायी भएको कारणले परमेश्वरको प्रशंसा गर्ने धेरै असल कारणहरू छन्। हाम्रो जीवन संघर्षमय हुनसक्छ। हामी भय र त्रसितमा परेको हुनसक्छौं। हामीमा दुःख, दर्द, विछोड र निराशहरूका जमघट होलान्। यद्यपि, हामी सबैलाई धन्यवादी र कृतज्ञ हुने प्रशस्त ठाँउहरू छन्। यस संसारमा हामी जुनसुकै जोखिमको यात्रामा लाग्नुपरेतापनि, अन्तमा येशूमा अजम्मरी

जीवन पाउने आशा र प्रतिज्ञाले सुसज्जित भएर हामी हिँडेका हुन्छौं। परमेश्वरको बचनबाट यी आशा र बाचा हामीलाई दिइएको छः "त्यहाँ मृत्यु र उदासीनता हुनेछैन। दुःख र दर्दले रुनु पर्नेछैन। पहिला जस्तो थियो अब त्यस्तो अवस्था हुनेछैन।" (प्रकाश २१:४)। जसरी बालक जन्मेपछि प्रसव बेदनाबाट निकासा पाएकी आमालाई हर्षको खोलाले ढाकि दिन्छ, त्यसरी नै येशूले दिनुभएको उपर्युक्त आशालाई आत्मसात् गरिरहन्दा हाम्रो हृदय गदगदले नभर्ने त कुरै छैन।

मानविय शरीरमा जीवन बिताउनु परेकोले अनेकन् समस्याहरू तपाईंले झेलिरहनुभएको होला। तैपनि के तपाईंको जीवनमा परमेश्वरप्रति कृतज्ञ वा धन्यबादी हुने ठाँउहरू छैनन् र? कुन कुराहरूमा उहाँको प्रशंसा तपाईंले गर्न सक्नुहुन्छ? यी कुराहरूको शूची बनाउनु होस् र परमेश्वरप्रति कृतज्ञ हुनुहोस्।

परमेश्वरको प्रशंसा गर्नुभन्दा पहिले, हाम्रो जीवनमा उहाँ कत्तिको असल हुनुभएको छ त्यसको अनुभव गर्नु अत्यावश्यक छ। परमेश्वरको प्रेम हाम्रो व्यक्तिगत जीवनमा दन्त्यकथा नभएर यथार्थ छन् भनेर हामीले थाहा पाउनु आवश्यक छ। यो अनुभव परमेश्वरले त्यस हरेक व्यक्तिलाई दिनुहुन्छ जो उहाँको अगुवाईमा हिँड्न आफ्नो बाटो खुला राख्दछन्। हाम्रो कठोर, अटेरी तथा हठी र पापी स्वभावले मात्र परमेश्वरको सदाशयता र प्रेमको प्रत्याभूति हामीले पाउँदैनौं। तर जब हामी एक पल्ट परमेश्वरको प्रेम, सदाशयता र भलाईको ज्ञानले हाम्रो हृदयमा झल्कन दिन्छौं तब हाम्रो हृदयले उहाँको स्तुती र प्रशंसा गरिरहनेछ।

जुनसुकै समस्या र कष्टहरू झेलिरहनुभएता पनि परमेश्वरलाई स्तुती र धन्यवाद अझ धेरै धेरै दिन नचुक्न तपाईं कसरी सिक्नुहुन्छ? तपाईंको अंजुली परमेश्वरको प्रशंसाले भरियोस् भनी हामी कामना गर्दछौं।

## ५, न्यायोचित तथा यथोचित ढँगले परमेश्वरको आराधना गर्नु (रोमी १२:१)

परमेश्वर प्रेम र अनुग्रहको परमेश्वर हुनुहुन्छ भनेर अहिलेसम्म छलफल गऱ्यौं। विशेष रूपमा उहाँसँग घनिष्ट सम्वन्ध हामीले राखुन् भन्ने परमेश्वरको सदइच्छा हो। यो सम्वन्ध यस पृथ्विका कुनै पनि अरू जीवित जीवातले अनुभव गर्न सक्दैनन्। यस सम्वन्धको

केन्द्रविन्दुमा, क्रुस र मुक्तिको योजना खडा भएका हुन्छन्। विविध कारणहरूले गर्दा परमेश्वरलाई हामीले प्रेम गर्न त सक्छौं। तर परमेश्वर हाम्रो प्रेमको प्रिय पात्र हुने सर्वोच्च शिखरको कारण क्रुस नै हो।

१ युहन्ना ३:१०मा भनिएको छ: "यो नै वास्तविक प्रेम हो। हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं तर उहाँले हामीलाई प्रेम गर्नुभयो र आफ्नो एकमात्र पुत्रलाई हाम्रो पापको निम्ति क्षतिपूर्ति हुन पठाउनुभयो।" यस अभिव्यक्तलाई आत्मसात् गर्न तपाईं सबल हुनुभयो भने के उहाँप्रति प्रेमको भावनाले ओतप्रोत हुनबाट कसैले तपाईंलाई रोक्न सक्दछ र?

यदि तपाईंले कसैलाई माया प्रेम गर्नुभयो भने त्यस व्यक्तिको स्वाभाविक रूपमै प्रशंसाका शव्दहरू तपाईंको मुखबाट निस्कन्छन्। यसले तपाईं त्यसप्रति कत्तिको धन्यबादि हुनुभएको रहेछ भनेर पनि देखाउँछ। जब हामी इसाई भनेर दावी गर्दै हाम्रो हृदय परमेश्वरलाई दिन्छौं तब पवित्र आत्माको बरदान हामीले पाउँछौं। अति पवित्र आत्माले हाम्रो हृदयमा कृतज्ञताको आत्मा गहिरो गरि खन्याउनुहुन्छ। हाम्रा हृदयका कुण्डहरूमा उहाँप्रतिको कृतज्ञताले भरिएको हुनाले श्रद्धापूर्वक स्वत हामी उहाँको प्रशंसा र आदर गर्दछौं।

तैपनि, एउटा मुख्य कुरालाई मानिसहरूले बिर्सेको हामी पाउँछौं। परमेश्वरलाई चढाउने प्रशंसा र स्तुति केवल मुख मात्र नभएर भक्तको समग्र जीवन नै समावेश भएको हुन्छ (परमेश्वरलाई मुखले मात्र जय जय गाउने हो भने टेप रेकर्डरले गरिहाल्छ नी)। यसको अर्थ हाम्रो सारा आत्माले (अध्यात्म जीवन), हृदयले (शारीरिक जीवन), मन अर्थात् दिमागले (वौद्धिक जीवन) उहाँको प्रशंसा गर्नु अनिवार्य छ। उहाँको प्रशंसालाई हाम्रो स्वस्थ भौतिक जीवनले साथ दिनुपर्दछ। स्वस्थ जीवनशैलीले हाम्रो दिमागलाई पारदर्शी र सङ्लो राख्दछ र हाम्रो सम्पूर्ण शारीरिक, मानसिक र आत्मिक स्वास्थ्यलाई संतुलनमा राख्दछ।

जब मानिसहरूले आफ्ना बानीबेहोर तथा आदतलाई निरन्तरता दिन्छ तब उनीहरूको मष्तिश्कमा भौतिक बदलाहत आउँछ भनेर वैज्ञानिकहरूले रोचक तथ्य पत्ता लगाएका छन। उदाहरणमा हामीले कुनै लागु पदार्थको सेवनलाई लिन सक्दछौं। लागु पदार्थलाई सेवन गर्दा त्यसले मानिसको मगजलाई प्रभावित पार्दछ, र यसको फलस्वरुप

त्यस मानिस त्यस लागुपदार्थको अम्मलीमा फस्छ। लागुपदार्थले उसलाई नियन्त्रणमा लिने भएकोले त्यस अम्मल बिना उसलाई चैन हुँदैन। लागुपदार्थको अङ्कुसमा त्यस मानिस परेको हुनाले त्यस मानिसका रक्त नसाहरू निष्क्रिय हुँदै जान्छन् र उसको मगज मन्द अर्थात् सुस्त हुँदै जान्छ। मगज सुस्त भएकोले त्यो मानिसमा जाँगर हुँदैन, र मगजले राम्रोसँग काम गर्न पनि छोड्छ। मगजमा भएका कोषहरूलाई त्यस लागुपदार्थले चाहे जाँड, रक्सी नै किन नहोस्, मारी दिन्छ र अल्कमाइजर जस्ता मानिसलाई नचिन्ने र केहि कुरा पनि नसम्झिने जस्ता रोगहरूले त्यस मानिसलाई ग्रष्ट पार्दछ। यदि हामी मानसिक, हार्दिक र आत्मिकसम्वन्ध स्वच्छ राख्न चाहन्छौं भने हाम्रो शरीर स्वस्थ हुन जरुरी छ। स्वच्छ शरीर स्वच्छ मनको विकल्प अरू छैन भन्ने कुरालाई स्पष्ट रूपमा सबैले बुझ्नु पर्दछ। आजको संसारमा धेरै यस्ता लोकप्रिय खाना र पेय पदार्थहरूका ओइरो लागेका छन् जसले हाम्रो शरीरलाई बिगार्दछन्। ती अस्वस्थ खाना खाने बानीले गर्दा हाम्रो शरीरमा अनेकन् समस्याहरूले राज गर्न थाल्दछन्। यदि हामी परमेश्वरको प्रशंसा गर्न चाहन्छौं भने हाम्रो सम्पूर्ण जीवन नै जीवित बलीको रूपमा उहाँलाई समर्पण गर्नुपर्दछ। हाम्रा शरीरका कुनै पनि भागलाई मारेर होइन, बरू स्वस्थ बनाएर हामीले परमेश्वरलाई स्विकार हुने भेटी हुनुपर्दछ।

हाम्रो शरीरले परमेश्वरको स्तुती गर्नुपर्दछ भन्ने तर्कलाई अझ सोच्नुहोस्। यसको अर्थ के होला? हाम्रो जीवनशैलीले परमेश्वरको महिमा कसरी हुनसक्दछ? फेरि गलत जीवनशैलीलाई अपनाउँदा परमेश्वरको बदनाम कसरी हुन्छ? यत्ति मात्र होइन हाम्रो गलत बानीबेहोरा र आदतले परमेश्वरलाई अविश्वास गरेको कसरी ठहराउँछन्?

## उपसंहार:

थप जानकारीः एलेन जी ह्वाईटको पाट्रियार्क एण्ड प्रोफेटस्, पृष्ठ ६३७-६४२मा उल्लेखित "द आन्वाइन्टिङ्ग अभ डेभिद" हेऱ्यो भने हाम्रो स्वस्थ शरीरलाई परमेश्वरले कसरी हेर्नुहुन्छ भनेर देखाइएको पाउँछौं। "युवक दाउद शक्ति र सुन्दरतामा परिपक्व हुँदै गएका थिए। संसारका महान् जनहरूका राजा भएर उत्कृष्ट पद सम्हाल्न ऊ तयार भइरहेका थिए। उनमा भएका जतिपनि प्रतिभाहरू थिए, ती परमेश्वरको महिमाको

निम्ति दिएका अत्यन्त बहुमुल्य बरदानहरू थिए। गहिरो रूपमा सोच्ने सामर्थले गर्दा बुद्धि र ज्ञानले उनको दिमाग भर्दै थियो। यसले गर्दा उनी परमेश्वर र स्वर्गदूतहरूको नजिक आउन सक्षम भएका थिए। जब परमेश्वरको सिद्धपनालाई दाउदले मनन् गर्न थाले तब उहाँको बारेमा स्पस्ट धारणा उनको दिमागमा जम्न थालेको थियो। परमेश्वरसँग आत्मियतामा उनी गाँस्न पुगेका थिए। अस्पस्ट विषयवस्तुहरू स्पष्ट हुँदै गएका थिए। कठिनाइहरू सहज हुँदै गएका थिए। समस्याहरूलाई राम्ररी बुझ्न सक्ने भएका थिए। जब परमेश्वरबाट नयाँ ज्योतिका किरणहरू दाउदमा पर्न थालेका थिए, तब उनी परमेश्वर र मुक्तिदाताको नजिक नजिक हुन थालेका थिए। उनको सक्रिय दिमागमा विभिन्न जल्दोबल्दो विषयवस्तुहरूले ओगटेका थिए, जस्तै कस्तो प्रेमले उनको जीवन परिचालित भए, कस्ता कस्ता दु,ख, कष्टहरू उनले झेल्नु परेको थियो र कसरी उनको जीवनमा अनि विजयहरू हासिल गर्न पुगेका थिए आदि। जब दाउदले आफ्नो जीवनमा परमेश्वरको अगुवाईको प्रत्यभूति पाए तब उनको हृदय परमेश्वरप्रति झन झन बढि कृतज्ञ र आनन्दितले भरिएको थियो। यसको फलस्वरूप आफ्नो बिणा लिएर अझ आनन्दित भएर मिठा भजनहरू सुरिलो स्वरमा गुञ्जायमान गर्न उनी सफल भएका थिए। परमेश्वरको आत्मा उनमाथि भएको कारण त्यस गोठाला युवा, दाउद, दिनप्रतिदिन शक्तिबाट शक्ति, ज्ञानबाट ज्ञानमा अघि बढ्दै गएका थिए।"-एलेन जी ह्वाईटको पाट्रियार्क एण्ड प्रोफेटस्, पृष्ठ ६४२मा उल्लेखित “द आन्वाइन्टिङ्ग अभ डेभिद"बाट।

**चिन्तनमनन:**

१, परमेश्वरलाई प्रेम गर्नु, उहाँप्रति श्रद्धाले ओतप्रोत हुनु भनेको के हो भनेर चर्चापरिचर्चा गर्नुहोस्। हामी पापी मानिसले परमेश्वरलाई कसरी प्रेम गर्न सक्दछ र? के उहाँलाई हाम्रो प्रेमको आवश्यक छ र? तैपनि उहाँलाई माया गर्नु भनेको के हो? हाम्रो जीवनमा परमेश्वरलाई सर्वोच्च मानेर अरूलाई भन्दा उहाँलाई प्रेम गर्नु भनेको के हो? उहाँप्रतिको निष्ठा, प्रेम, भक्तिभावना र अरू मानिस तथा चिजहरूप्रति भन्दा के भिन्नता छन्?

२. हाम्रो जीवनमा परमेश्वरको स्तुतिप्रसंशा गर्नु किन अपरिहार्य छ? उहाँको स्तुतिप्रशंसा गर्दा उहाँको नजिक हामीलाई कसरी पुग्दछौं? परमेश्वरको स्तुतिप्रशंसा गर्दा उहाँको बारेमा अझ आत्मिक ज्ञान बढाएर उहाँको प्रेममा अझ कसरी तल्लिन हुनसक्छौं? फेरी, के दुःख कष्ट झेलिरहेको बेलामा पनि उहाँको स्तुति गाउनु आवश्यक छ र? सबै कुरा आफूले भनेको जस्तै सहज रूपमा गइरहेको बेलामा परमेश्वरको स्तुतिप्रशंसा गर्न सजिलो छ, छैन त? तर हाम्रो जीवन प्रतिकूल परिस्थितिमा गुज्रिरहेतापनि उहाँको प्रशंसास्तुति कसरी गर्ने?

३. मुक्ति भनेको हाम्रो त्याग तपस्या र अथक प्रयासबाट होइन तर येशूमा विश्वास राख्दामात्र प्राप्त हुन्छ भनेर यस अध्यायमा हामीले हेऱ्यौं। हामी जुनसुकै जात, लिङ्ग, वर्ण, वर्ग भएतापनि मुक्तिको लागि हामी योग्य छैनौं भनेर मान्नु पर्दछ। किनभने हाम्रो जात,वर्ग, धन आदिले मुक्तिको निम्ति योग्य बनाउँदैन। हामी मध्य कसैले पनि कुनै यस्तो असल भिमकार्य गर्न सक्दैनौं जसले हामीलाई मुक्तिको निम्ति सबल बनाउँछ। मुक्ति भनेको त्यस प्रेमिलो, दयालु, सदाशयी र करुणामय परमेश्वरले मात्र पापी मानिसलाई दिने बरदान हो। पापी मानिससँग कुनै यस्तो चिज छैन जुन परमेश्वरलाई दिएर मुक्ति कमाउन सक्छौं। तर फेरी, त्यसै समयमा परमेश्वरको आज्ञा पालन गर्नु भनेर हामीलाई बाइबलमा दिएको निर्देशनलाई पनि भुल्नु हुन्न। हाम्रो कामबाट मुक्ति पाउने त होइन। तर हाम्रो कामकार्यबाट हामीले मुक्ति पाएका छौं भनेर देखाउने कुराबाट हामी चुक्नु हुँदैन। यसलाई मध्य नजरमा राख्दा काम र विश्वाससँग कस्तो सम्वन्ध हुनुपर्दछ भनेर हामीले बुझ्नुपर्दछ? परमेश्वरको प्रशंसा गर्न कसरी सिक्ने र उहाँमाथि हाम्रो अगाढ प्रेम छ भनेर हाम्रो बानीवेहोरा र कामबाट कसरी प्रदर्शन गर्ने? हाम्रै कामबाट हामीले मुक्ति पाउँछौं भन्ने धरापमा नपर्न विश्वास र कामलाई कसरी संतुलनमा राखेर हाम्रो जीवनलाई अघि बढाउने?